# नेपाल खाद्य संस्थान
## अरुवा चामल खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना
## (प्रकाशित मिति २०७४।११।१८ गते)

यस संस्थानलाई निम्नानुसारको निर्धारित गुणस्तर बमोजिमको अरुवा चामल खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN)/मूल्य अभिबृदि कर (VAT) ईजाज्त प्राप्त ईच्छुक फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. वोलपत्र कागजात सेट संस्थानको प्रधान कार्यालय खरिद एकाइ काठमाडौं वा तपसिलमा उल्लेख भएका कार्यालयहरुबाट फिर्ता नहुने गरी रु. ५,०००/- (पांच हजार मात्र) मा खरिद गर्न सकिनेछ । विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले Website: www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्न सक्ने छन् । विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले बोलपत्र कागजात सेट Download गरी निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजात साथ बोलपत्र पेश गर्नु पर्नेछ । विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले तल बुंदा नं. ५ मा उल्लेखित खातामा वा सम्बन्धित कार्यालयको खातामा बोलपत्र दस्तुर जम्मा गरी जम्मा गरेको बैङ्क भौचर Scanning गरी विद्युतीय बोलपत्र फाइलसंगै पेश गर्नु पर्नेछ ।

२. खरिद हुने चामलको किसिम, परिमाण, धरौटी रकम र बुझाउनु पर्ने स्थान (कार्यालय) :

| क्र.सं | चामल बुझाउने कार्यालयको नाम | चामलको किसिम | बुझाउनु पर्ने परिमाण (क्वी. ) | धरौटी रकम (रु. मा) |
|---|---|---|---|---|
| १ | अञ्चल कार्यालय, धनगढी | अरुवा मोटा चामल | १३००० | १४४९६३०/- |
| २ | अञ्चल कार्यालय, नेपालगन्ज | अरुवा मोटा चामल | २०००० | २२६८०००/- |
| ३ | शाखा कार्यालय, सुर्खेत | अरुवा मोटा चामल | १५००० | १७०७०७५/- |
| ४ | अञ्चल कार्यालय, तुलसीपुर | अरुवा मोटा चामल | २००० | २१६०००/- |
| ५ | शाखा कार्यालय, भैरहवा | अरुवा सोना मन्सुली चामल | ५००० | ६२३५६३/- |
| ६ | शाखा कार्यालय, वीरगन्ज | अरुवा सोना मन्सुली चामल | १०००० | ११९०७५०/- |
| ७ | अञ्चल कार्यालय, लहान | अरुवा सोना मन्सुली चामल | १०००० | ११६३२५०/- |
| ८ | अञ्चल कार्यालय, विराटनगर | अरुवा सोना मन्सुली चामल | १०००० | ११८८०००/- |
| ९ | अञ्चल कार्यालय, विर्तामोड | अरुवा सोना मन्सुली चामल | ५००० | ६०७७५०/- |
| १० | अञ्चल कार्यालय, काठमाडौं | अरुवा सोना मन्सुली चामल | १०००० | १२५१२५०/- |

**नोटः** जुन कार्यालयको लागि चामल खरिद सम्बन्धि बोलपत्र पेश गर्ने हो, सोही कार्यालयमा ( √)चिनो लगाई रकम उल्लेख गर्नु पर्ने छ । संस्थानको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ ।

३. बोलपत्रदाताले माथि तालिकामा उल्लेखित एक मात्र स्थान (कार्यालय) मा तोकिए बमोजिम किसिमको वा एक भन्दा बढी स्थानमा तोकिए बमोजिम किसिमको वा सबै स्थानमा तोकिए बमोजिम किसिमको चामल बुझाउने गरी बोलपत्र पेश गर्न सक्ने छन् । जुन कार्यालय/स्थानमा चामल बुझाउने गरी बोलपत्र पेश गर्ने हो, सोही कार्यालयको लागि तोकिएको धरौटी राखी छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्ने छ ।

४. जुन स्थान (कार्यालय) मा बुझाउनु पर्ने हो उक्त स्थानको बुझाउने मूल्य (Delivery price) को हिसाबले चामलको मूल्य कबोल गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्रसाथ बुदा नं.२ मा तोकिए बमोजिमको धारौटी रकम संस्थानको नेपाल बैंक लिमिटेड धर्मपथ, काठमाडौं स्थित ओ.डि. खाता नं. ००२३०४००४९७५९२००००१ जम्मा गरेको सक्कलै भौचर/नगद वा नेपालको कुनै वाणिज्य बैंकबाट नेपाल खाद्य संस्थान प्रधान कार्यालय काठमाण्डौको नाममा जारी भएको नियमानुसारको बैक जमानीपत्र (Bid Bond) पेश गर्नु पर्नेछ ।

६. बोलपत्रको खाम बाहिर **"चामल खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी खाम शिलबन्दी गर्नु पर्नेछ ।

७. यो सूचना प्रकाशित मितिले ३१ औं दिन अर्थात मिति २०७४।१२।१८ गते सम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी सक्नु पर्नेछ ।

८. बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वक सहीछाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत यो सूचना प्रकाशित मितिले ३२ औं दिन अर्थात मिति २०७४।१२।१९ गते दिउसो १२:०० बजे भित्र नेपाल खाद्य संस्थान प्रधान कार्यालय खरिद एकाइ काठमाडौंमा बोलपत्र पेश गरी सक्नु पर्नेछ । समय नाघि आएको बोलपत्र स्वीकार गरिने छैन । पेश हुन आएका बोलपत्रहरु सोहि दिन दिउसो २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा नेपाल खाद्य संस्थान प्रधान कार्यालय काठमाडौंमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ । विद्युतीय माध्यवाट बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुको पनि सोही बमोजिम बोलपत्र पेश गर्ने र खोल्ने कार्य हुनेछ । विद्युतीय माध्यमबाट वोलपत्र पेश गर्ने वोलपत्रदाताले वोलपत्र खोलेको मितिबाट ७ दिन भित्र E-bidding गर्दा पेश गरेका कागजातहरुको सक्कलै कपि पेश गर्नु पर्ने छ ।

९. बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिनभित्र खरीद/बिक्री सम्झौता गर्ने चामलको मूल्यले कूल परिमाण चामलको हुने रकमको ५% रकम वा नेपाल बैंक लिमिटेड, धर्मपथ काठमाडौं स्थित खाता नं. ओ.डी. ००२३०४००४९७५९२००००१ मा जम्मा गरेको सक्कल भौचर (बैंक भौचर) वा सो बराबरको नेपालको कुनै बाणिज्य बैंकले नेपाल खाद्य संस्थान प्रधान कार्यालय काठमाण्डौंको नाममा जारी गरेको कम्तिमा ४ महिना अर्थात १२० दिन अवधि **(Validity)** को नियमानुसारको बैंक जमानीपत्र **(Performance Bond)** पेश गरी सम्झौता गर्नु पर्नेछ । यदि सम्झौता वमोजिम संस्थानलाई चामल नबुझाएमा नमूना सम्झौतामा उल्लेखित शर्त वमोजिम कार्य सम्पादन जमानत रकम जफत गरिनेछ ।

१०. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि १२० दिन हुनेछ । बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थानमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित जति सोही बमोजिम र अन्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपालको प्रचलित कानुन अनुसार हुनेछन् ।

१२. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

**नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं, फोन नं ०१-४२५५८६५**